# पाठ - 13

# الدرس الثالث عشر - نيبالي

## पाँचौ : प्रलोक प्रति ईमान

الإيمان باليوم الآخر والقضاء والقدر

यस अन्तर्गत त्यो हरेक कुरा यसमा समावेश हुन्छ जसको खबर अल्लाहले र रसूल ﷺ ले दिनु भएको छ जस्तो कि कबरको परिक्षा र त्यसमा हुने यातना र अनुग्रह, प्रलोकको दिनको कष्ट र कठिनाई, पुल सेरात, लेखा जोखा, र हिसाब किताब, प्रतिफल, कर्मको बही बितरन गर्ने, र सबैको बीच त्यो खोलिने जस्तो कार्यहरु, कोही आफ्नो बही दाया हातमा लिएको हुन्छ, त कोही आफ्नो बही देब्रे हातमा पिठ पछाडिबाट लिएको हुन्छ, र यस अन्तर्गत स्वर्गमा रहेको अनुकम्पा र उपहार र नरकमा रहेको यातना र सजाय, प्रति ईमान पनि आउँछ र मोमिनहरु आफ्नो पालनकर्ता लाई साक्षात दर्शन गर्न पाउने छन र अल्लाहले मोमिनहरुलाई सन्बोधित गर्ने जस्ता कुराहरु माथि पनि ईमान राख्नु पर्छ, र यस बाहेक त्यो सबै कुरा माथि ईमान राख्नु पर्छ जुन् कुरआनमा उल्लेख छ वा रसूलﷺ को सही हदीस द्वारा प्रमाणित भएको छ, त्यो सबै कुराहरु माथि अल्लाह र रसूलले बताएको तरिका अनुसार ईमान राख्नु र त्यसको गवाही दिनु जरुरी हुन्छ ।

## छैटौं : किस्मत र भाग्य प्रति ईमान

यस अन्तर्गत चार कुराहरु प्रति ईमान राख्नु पर्छ ।

**प्रथम** - अल्लाहलाई त्यो सबै कुराको ज्ञान छ जुन् भइसकेको छ वा भइरहेको छ वा हुनेवाला छ, र मानिसहरुको हरेक पलको खबर, र उनीहरुको धन सम्पत्ति, र मृत्युको समय समेत हरेक कार्यको खबर उहाँले राख्नु भएको छ, कुनै कुरा अल्लाहसित लुकेको छैन, जस्तो कि अल्लाहले भन्नु भएको छ : *إِنَّ اللهَ بِكُلِّ شَيْءٍ عَلِيمٌ* निःसन्देह अल्लाहलाई सबै कुराको ज्ञान छ

**दोश्रो** - भाग्य र किस्मतको हरेक कुरालाई अल्लाहले लेखेर राख्नु भएको छ, जस्तो कि अल्लाहले भन्नु भएको छ : *وَكُلَّ شَيْءٍ أَحْصَيْنَاهُ فِي إِمَامٍ مُبِينٍ*

हरेक कुरालाई हामीले एक स्पष्ट किताबमा लेखिसकेका छौं ।

**तेश्रो** - यो ईमान राख्नु कि अल्लाहले जुन कुराको इच्छा गर्नु हुन्छ त्यो लागु हुन्छ र जुन कुराको इच्छा गर्नु हुदैन त्यो लागु हुदैन अर्थात संसारमा हरेक कुरा मात्र अल्लाहको इच्छाले हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ : * كَذَلِكَ اللهُ يَفْعَلُ مَا يَشَاءُ * यसै प्रकार अल्लाहले जे चाहनु हुन्छ त्यो गर्नु हुन्छ ।

**चौथो** - भाग्यको घटनाहरुलाई अल्लाहले घटने भन्दा पहिले नै सृष्टि गरिसकेका छन, अल्लाह तआलाले भन्नु भएको छ : * وَاللهُ خَلَقَكُمْ وَمَا تَعْمَلُونَ *

तपाईहरु लाई र तपाईहरुले गरिरहेको हरेक कुरालाई अल्लाहले सृष्टि गरि दिनु भएको छ ।